जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक ३६४ • २०८२ कार्तिक ५ गते बुधवार • 22 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाईसको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय...................

## तिहारले भाईबहिनी बिचमा प्रेम मजबुत

तिहारले दिदीभाई दाजुबहिनी बिचको पवित्र प्रेम, प्रकृति र जनावरप्रतिको सम्मान, काग, कुकुर, गाई, गोरु जस्ता जनावरलाई पूजा गरी सहअस्तित्व र करुणाको सन्देश दिन्छ । लक्ष्मी पूजाबाट घर परिवारमा सुख शान्ति समृद्धिको कामना गर्नु, सुगन्धित फूलहरूको सजावट, बत्तीको झिलिमिलीले हाम्रो रङ्गीन संस्कृति सर्वत्र झल्किन्छ । तिहार अर्थात् यमपञ्चकमा पशुपन्छी तथा प्रकृतिको समेत पूजा गर्ने हुँदा यस पर्वले वातावरणीय महत्वलाई पनि अँगालेको देखिन्छ ।

दाजुभाइ दिदीबहिनीबिच मिलन र सद्भाव ल्याउने उज्यालो र फूलैफूलको सप्तरङ्गी पर्व तिहारले संसारभरि शान्ति, समृद्धि, आपसी मैत्री तथा करुणाको भावलाई विश्वभरि फैलाएको देखिन्छ । आफ्नो मन र जीवनको अँध्यारो अज्ञान दुःख, ईर्ष्या, असत्य हटाएर ज्ञान, सुख, प्रेम र सत्यतर्फ बढ्न प्रेरित गर्नु यमपञ्चकको मर्म हो । बर्षैपिच्छे आउने यो पर्वले दिदीबहिनी र दाजुभाइबिचको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै पुनर्ताजगी थप्छ । यस पर्वले आफूमा अन्तर्निहित चेतनशक्तिको प्रकाशले जीवनका कुनै पनि किसिमको अँध्यारोलाई हटाउनुपर्ने सन्देश दिएको देखिन्छ ।

# लक्ष्मीपूजाको दिन सोमबार राति सर्लाहीका तीन स्थानमा आगलागी हुदाँ लाखौंको क्षति

जलेश्वरटुडे समाचारदाता
सर्लाही, ४ कार्तिक



लक्ष्मीपूजाको दिन सोमबार राति सर्लाहीका तीन स्थानमा आगलागीबाट लाखौंको क्षति भएको छ। लालबन्दी नगरपालिका-५, मेजरगन्जमा लालबन्दी ७ का कैलाश साहले किराना समान राखेको गोदाममा भएको आगलागी दमकलसहितको सहयोगमा नियन्त्रणमा आएको स्थानीयले बताएका छन्।

सोमबार राति ११:३० बजेतिर जस्ताले छाएको र इँटाले बेरेको एक तले गोदाम घरमा आगलागी भएको हो। आगलागी भएको जानकारी पाएपछि नेपाली सेनाको कालिध्वज गण पाँचकुमारी ब्यारेकबाट प्रमुख सेनानी (कर्णेल) उमेश खड्का र इलाका प्रहरी कार्यालय लालबन्दीबाट प्रहरी निरीक्षक (इन्स्पेक्टर) वीरेन्द्रसिंह जोहारीको नेतृत्वमा खटिएको सुरक्षाकर्मीको टोलीले आगलागी नियन्त्रणमा लिएको हो । नेपाली सेनाको दमकलसहित सुरक्षाकर्मी र गाउँले भएर करिव एक घण्टापछि आगलागी नियन्त्रणमा लिएका हुन् । प्रारम्भिकरूपमा सङ्कलन गरिएको विवरणमा आगलागीबाट दुई करोड रुपियाँ बराबरको किराना समान जलेर नष्ट भएको गोदामधनीले बताएका लालबन्दी प्रहरीले जनाएको छ।

लक्ष्मीपूजा गर्दा बालिएको मैनबत्तीबाट आगलागी भएको आशङ्का गरिए पनि पुष्टी हुन भने बाँकी छ। गोदामधनी लक्ष्मीपूजा गरेर फर्किएपछि आगलागी भएको स्थानीयले बताएका छन् । यस्तै, लक्ष्मीपूजा गर्दा बालिएको दीपावलीबाट आगो सल्किँदा कविलासी नगरपालिका-१, पिपरिया बस्ने बब्लु मण्डलको घरमा क्षति पुगेको छ। आगलागीबाट घरको छानो र घरभित्र रहेका सरसमान जलेर नष्ट हुँदा चार लाख ३० हजार रुपियाँ बराबरको क्षति भएको अस्थायी प्रहरी पोस्ट पचगछियाले जनाएको छ।

त्यस्तै, चक्रघट्टा गाउँपालिका-५, बस्ने श्यामसुन्दर रायको घरमा विद्युतको तार सर्ट भएर आगलागी हुँदा ५० हजार रुपियाँ बराबरको क्षति भएको छ । आगलागीबाट घरभित्र रहेका कपडा, पङ्खा र केही नगद जलेको पीडितले बताएका छन्।






# लागुऔषध सहित एक महिला पक्राउ



जलेश्वरटुडे समाचारदाता
रौतहट, ४ कार्तिक

रौतहटमा लागुऔषध सहित एक महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा म्याग्दी बेनी फुलचौर नगरपालिका-९ का ६० वर्षीया दिलमाया विक रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

सोमबार अपराह्न ४ बजे गौरबाट चन्द्रनिगाहपुरतर्फ जाँदै गरेको ना. ५ ख. ५०६३ नं. को यात्रु बाहक बसलाई गौर चपुर सडक खण्डअन्तर्गत यमुनामाई गाउँपालिका-५, बमनहरमा प्रहरीले चेकजाँच गर्ने क्रममा दिलमाया लागु औषधसहित पक्राउ परेकी हुन्।

उनका साथबाट प्रहरीले फेनागन ४९८ पिस डाइजोपान, ४९१ पिस, नूफिन चार सय पिस र बुप्रेनोर्फिन सय पिस गरी कुल एक हजार ४८९ पिस लागु औषध फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: लामो यात्राको योग छ
तुला: मनमा पछुतो आउने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८
श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युक्रेन युद्ध तत्काल रोक्न ट्रम्पको आह्वान: 'युक्रेनको विजयमा विश्वास गर्न कठिन'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ कार्तिक**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन-रुस युद्धको सन्दर्भमा आफ्नो पछिल्लो धारणा सार्वजनिक गर्दै दुबै पक्षलाई युद्ध तत्काल रोक्न आह्वान गरेका छन्। उनले युक्रेनको विजय सम्भव भए पनि हालको परिस्थितिमा त्यसमा विश्वास गर्न गाह्रो भइरहेको बताए।

अष्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजसँग ह्वाइट हाउसमा भएको भेटको अवसरमा ट्रम्पले यसअघि युक्रेनले गुमाएको भूभाग फिर्ता लिन सक्ने कुरामा आशावादी रहे पनि रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलान्स्कीसँगको प्रत्यक्ष भेटपछि आफ्नो धारणा केही बदलिएको स्पष्ट पारे।

उनले हालको अवस्थामा युद्ध रोकिने हो भने शान्तिपूर्ण समाधानको सम्भावना बढ्ने बताउँदै थपे, "मैले कहिल्यै युक्रेन युद्ध जित्छ नै भनेको थिइनँ, मैले भनेको थिएँ कि उनीहरू जित्न सक्छन्। तर युद्ध स्वभावतः अनिश्चित र जटिल हुन्छ।" यता, राष्ट्रपति जेलान्स्कीले ट्रम्पसँगको भेटलाई 'सकारात्मक' बताएका छन्। यद्यपि, उनले रूसी पक्षले डोनेत्स्क र लुहान्स्क क्षेत्रहरू पूर्ण रूपमा युक्रेनसँग छोड्नुपर्ने माग दोहोर्याएको जानकारी दिए।

# 'महादशा' मा पुजाको जोडी बन्दै प्रभात

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ कार्तिक**



फिल्म 'महादशा'मा पुजा शर्मा र प्रभात लामाको जोडी देख्न पाइने भएको छ। निर्माण युनिटले तिहारको अवसर पारेर फिल्मको कलाकारमा पूजा फाइनल गरेको हो। प्रभात यस अघि नै फाइनल भएका छन्। फिल्ममा यी दुवै जोडीको रूपमा देखिनेछन्।

कमेडियनको रूपमा चर्चित प्रभात 'महादशा'बाट फिल्म डेब्यु गर्न लागेका हुन्। पूजाले थुप्रै फिल्म अभिनय गरिसकेकी छन्। निर्माता किरण नेपालीको निर्देशनमा डेब्यु रहने यो फिल्मका लागि यसअघि निरुता सिंह, उत्तम प्रधानका साथै हिपहप कलाकार हाकिम गुरुङ, प्रमोद अग्रहरि र प्रेमा लामगाढे अनुबन्ध भइसकेका छन्। अन्य कलाकारमा विनोद न्यौपाने, रियर राई, प्रभात लामा, रामचन्द्र अधिकारी, कमल देवकोटा, पुष्कर भट्ट, दिनेश काफ्ले ,रञ्जन कोइराला, युबिक राज शाह, स्मृति कल्मर, एलिज पुन लगायतको अभिनय रहनेछ।

निर्देशक किरण नेपालीका अनुसार यो फिल्मले समाजका विविध पक्ष र जीवनका चुनौतीपूर्ण परिस्थितिलाई कथाको रूपमा प्रस्तुत गर्नेछ। लेकाली इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्ममा मनिष गौतमको पटकथा,राज के शाह, श्याम मगर र अमलादेवी राई निर्माताको रूपमा छन्।

लामो समय प्राविधिक पक्ष र निर्माण नियन्त्रणमा सक्रिय सुरज आचार्य यसमा कार्यकारी निर्माताको रूपमा आउन लागेका छन्।

# आजका लागि तोकियो विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ कार्तिक**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ३९ पैसा र बिक्रीदर १४० रुपैयाँ ९९ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ६० पैसा र बिक्रीदर १६४ रुपैयाँ ३० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८८ रुपैयाँ २७ पैसा र बिक्रीदर १८९ रुपैयाँ सात पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७७ रुपैयाँ आठ पैसा र बिक्रीदर १७७ रुपैयाँ ८४ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ११ पैसा र बिक्रीदर ९१ रुपैयाँ ५० पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ पाँच पैसा र बिक्रीदर १०० रुपैयाँ ४७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ४४ पैसा र बिक्रीदर १०८ रुपैयाँ ९० पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७१ पैसा र बिक्रीदर १९ रुपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५९ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६८ पैसा कायम भएको छ।केन्द्रीय बैंकका अनुसार थाईभाट एकको खरिददर चार रुपैयाँ २९ पैसा र बिक्रीदर चार रुपैयाँ ३१ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ २२ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ २२ पैसा र बिक्रीदर ३३ रुपैयाँ ३६ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८७ पैसा र बिक्रीदर नौ रुपैयाँ ९१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ८९ पैसा र बिक्रीदर १४ रुपैयाँ ९५ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ९१ पैसा र बिक्रीदर २२ रुपैयाँ तोकिएको छ।

# बोपारा र तनभिरले फेरि चितवन राइनोजबाट खेल्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ कार्तिक**



रवि बोपारा र सोहेल तनभिरले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पनि चितवन राइनोजबाटै खेल्ने भएका छन्। चितवन राइनोजले मंगलबार चितवनको सौराहामा ट्रफी टुर कार्यक्रमका बीच विदेशी खेलाडी सार्वजनिक गर्दै दुवै खेलाडीले यो संस्करणमा पनि खेल्ने कुरा जानकारी गराएको हो।

४० वर्षीय भेट्रान ब्याटिङ अलराउण्डर बोपाराले इंग्ल्याण्डका लागि १३ टेष्ट, १२० ओडिआई र ३८ टी२०आई खेल खेलेका छन्। उनी ओपनिङ र मिडल अर्डर दुवै पोजिसनमा ब्याटिङ गर्न सक्षम खेलाडी हुन्। दायाँहाते ब्याटिङ गर्ने उनले आफ्नो करियरमा ४९४ टी२० खेलमा ९ हजार ९४८ रन बनाएका छन् भने २९२ विकेट पनि लिएका छन्। बोपारा गत सिजनको एनपीएलमा दोस्रो सर्वाधिक रन बनाउने खेलाडी बनेका थिए।

उनले इंग्ल्याण्डको राष्ट्रिय टिमबाहेक आईपीएल, बीबीएल, पिएसएल, सीपीएल, एलपीएल लगायत विश्वका धेरै फ्रेन्चाइज टी२० लिग खेलेका छन्। भाइटालिटी टी-२० ब्लास्ट र दी हन्ड्रेडमा गरी ५ हजार भन्दा बढी रन बनाएका छन्। ४० वर्षीय तनभिरले पाकिस्तानबाट लामो समय खेलेका छन्। उनको पाकिस्तान सिनियर टिम तथा अन्य फ्रेन्चाइज लिगमा राम्रो अनुभव छ। फर्स्ट क्लास क्रिकेटमा उनले ७४ खेलमा ३१० रन बनाएका छन्।






# तिहारको बिदा हुनु अघिल्लो दिनसम्म ७० हजार नयाँ मतदाता थपिए, नाम दर्ता गराउन कात्तिक ३० सम्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ कार्तिक**



तिहारको बिदा हुनु अघिल्लो दिनसम्म ७० हजार नयाँ मतदाता थपिएका छन् । अध्यादेश मार्फत कानुन संशोधन गरेर छुटेका व्यक्तिका लागि अतिरिक्त समय दिइएपछि मतदाता नामावलीमा नाम दर्ता गराउने क्रम जारी छ ।

सरकार तथा निर्वाचन आयोगले यथाशक्य छिटो मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ । निर्वाचन आयोगले ९ असोजमा सूचना प्रकाशित गरेर मतदाता नामावली संकलन थालिएको भनेको थियो । त्यसयता २ कात्तिकसम्म ७० हजार ४ सय १५ जना व्यक्ति मतदाता नामावलीमा थपिएका छन् । त्यसमध्ये ४३ हजार १ सय ६५ पुरुष र २७ हजार २ सय ४४ महिला र ६ जना अन्यले नाम दर्ता गराएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए । अनुमान गरिएजस्तो नामावली संकलनमा उत्साहजनक सहभगिता नदेखिएको उनले उल्लेख गरे । सरकारले मतदाता नामावली ऐन संशोधन गरेर निर्वाचन घोषणा पछाडि पनि मतदाता नामावली संकलनको व्यवस्था गरेको हो । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिएको छ । निर्वाचन घोषणा भएको मितिबाट मतदाता नामावली संकलन नगरिने कानुनी व्यवस्थालाई सरकारले संशोधन गरेपछि नामावली संकलनको बाटो खुलेको हो । त्यसअनुसार आयोगले ३० कात्तिकसम्म मतदाता सूचीमा नाम दर्ता गराउन सकिने समय दिएको छ । प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो मताधिकार सुनिश्चित गर्न मतदाता नामावलीमा दर्ता हुन आह्वान गरेकी छन् । सामाजिक सञ्जाल 'एक्स' मार्फत उनले सरकारले निर्वाचन सम्पन्न गर्ने लक्ष्यका साथ तयारी अघि बढाइरहेको भन्दै सबैलाई आफ्नो मताधिकार सुनिश्चित गर्न आग्रह गरेकी छन् ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतदानको अधिकारबाट वञ्चित नरहन आग्रह गरेका छन् । 'मतदाता नामावलीमा छुटेकाहरूका लागि कानुनमै संशोधन गरेर विशेष व्यवस्था गरिएको छ । यो अवसर उपयोग गर्न चुक्नु भएन,' उनले भने, 'नाम दर्ता गराउन, सच्याउन वा एक ठाउँबाट अर्को ठाउँमा नामावली सार्न ३० कात्तिकसम्मको समय छ ।' २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन गरिएपछि नयाँ निर्वाचनको घोषणा गरिएको छ । नयाँ निर्वाचनको घोषणा हुँदै गर्दा ठूलो संख्यामा युवाको नाम मतदाता नामावलीमा नरहेको आकलन गरेर कानुनमा संशोधन गरेर विशेष व्यवस्था गरिएको उनले बताए । देशैभरका निर्वाचन कार्यालयहरूमा मतदाता नामावली दर्ताको काम भइरहेकाले आफूलाई पायक पर्ने कार्यालय पुगेर नामावली दर्ताको प्रक्रिया पूरा गर्न भण्डारीले आग्रह गरे । मतदाता नामावलीमा नाम दर्ता गराउन सम्बन्धित व्यक्तिको नागरिकता भने हुनुपर्छ । १८ वर्ष उमेर पुगेका नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन पाउँछन् । अनलाइन प्रक्रियामार्फत आवेदन दिने सुविधा आयोगले प्रदान गरेको छ । आयोगको वेबसाइट वा नागरिक एपमा रहेको आयोगको लिंकमार्फत आफ्नो व्यक्तिगत विवरणहरू भरिसकेपछि निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने र बायोमेट्रिक गराउनुपर्छ । देशभित्र जो जहाँ भए पनि त्यहीँबाट मतदाता नामावलीमा नाम दर्ता गराउन सकिने सुविधा दिइएको प्रमुख आयुक्त भण्डारीले बताए । मतदाता नामावली संकलन कार्यलाई आयोगले विशेष महत्त्व र प्राथमिकता दिएर बढाएको उनले भनेका छन् ।

# बिक्रीका लागि बोतलमा राखिएको पेट्रोल खनिएर आगलागी हुँदा क्षणभरमै पसल खरानी बन्यो

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ४ कार्तिक**



सप्तरीमा बोतलमा भरेर पेट्रोल बेचेको जताततै देखिन्छ । सहरदेखि गाउँसम्मको पसल र सडक किनारमा बोतलमा पेट्रोल भरेर बेच्ने काम भइरहेको हुन्छ । राजविराज नगरपालिका- ७ घर भएकी ३९ वर्षीया मञ्जु राउतले दिपावलीको पूर्वसन्ध्यामा आइतबार साँझ पसलमा दियो बाल्न लाग्नुभयो । अचानक बिक्रीका लागि बोतलमा राखिएको पेट्रोल खनिएर आगलागी हुँदा क्षणभरमै उहाँको पसल खरानी बन्यो । बैंकबाट ऋण लिएर कटघरामा पसल सञ्चालन गर्दै आउनुभएकी उहाँको किराना पसल बोतलमा राखेर बेचिने पेट्रोल कै कारण जलेर खरानी भएको हो ।

आगो निभाउने प्रयास गर्दा पसल सञ्चालक मञ्जु घाइते हुनुभयो । उहाँको खुट्टाको केही भाग जलेको छ । आगलागीबाट कटघरा, किराना समाग्री तथा बिक्रीका लागि प्लाष्टिक भरेर राखिएको पेट्रोलका बोतल जलेर नष्ट हुँदा लाखौं रुपियाँ बराबरको क्षति भएको मञ्जुले बताउनुभयो । आगलागीबाट मञ्जुको पसलसँगै छिमेकी बलराम राउतको पसलमा समेत क्षति भएको छ । यस्तै सोमबार राति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१४ स्थित एक किराना पसलमा पेट्रोल हालेर कुपी बाल्दा आगलागी हुँदा तीन लाख ७८ हजारको क्षति भएको छ ।

तिलाठी कोइलाडी गाउँपालिका- ४ घर भएका इन्द्र मुखियाको किराना पसलमा आगलागी भएको प्रहरीले जनाएको छ । अति प्रज्वलनशील पदार्थ पेट्रोल कै कारण पसल जलेर खरानी भएको स्थानीयको भनाइ छ ।





## धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृति संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरुलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं ।

**सामाजिक सदभाव र सहिष्णुता कायम गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**











प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday